Soaltee Hotel Limited

★ ★ ★ ★ ★

# सोल्टी होटेल लिमिटेडको ५१औं वार्षिक साधारण सभा सम्बन्धी सूचना सहितको संक्षिप्त वार्षिक आर्थिक प्रतिवेदन

(कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजीम तयार पारिएको)



## आर्थिक वर्ष २०८१/२०८२

ताहाचल, काठमाण्डौं, नेपाल ।

Soaltee Hotel Limited

★ ★ ★ ★ ★

# सोल्टी होटेल लिमिटेडको ५१औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**श्री शेयरधनी महानुभाव,**

मिति २०८२ कार्तिक ११ गते (२८ अक्टोबर २०२५) मंगलबारका दिन बसेको यस सोल्टी होटल लिमिटेड ("कम्पनी") को सञ्चालक समितिको २५९औं बैठकको निर्णय अनुसार यस कम्पनीको ५१औं वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा निम्नलिखित विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा उक्त साधारण सभामा स्वयम् वा रितपूर्वकको प्रतिनिधित्वद्वारा उपस्थित हुनका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थीतीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## १. सभा हुने मिति, समय र स्थानः

मितिः २०८२ साल मंसिर २८ गते तद्नुसार १४ डिसेम्बर २०२५, आईतबारका दिन ।

समयः बिहान १०.०० बजे ।

स्थानः त्रिभुवन आर्मी अफिसर्स क्लब सभामण्डप हल, टुँडिखेल, सुन्धारा, काठमाडौं ।

## २. छलफलका विषयहरुः

### (क) सामान्य प्रस्तावहरु

१. आर्थिक वर्ष २०८१/०८२ को **सञ्चालक समितिको वार्षिक प्रतिवेदन** पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तमा अन्त्य भएको **आर्थिक वर्ष २०८१/०८२** को कम्पनी तथा कम्पनीको सहायक कम्पनीका वित्तीय विवरण समावेश रहेको **एकिकृत आर्थिक विवरणहरु**, जसमा २०८२ आषाढ मसान्तको **वासलात** (वित्तीय स्थितिको विवरण), सोही मितिमा समाप्त भएको **नाफा-नोक्सान हिसाब** (नाफा वा नोक्सान तथा अन्य विस्तृत आय विवरण), **नगद प्रवाह विवरण** (नगद प्रवाहको विवरण), **ईक्वीटीमा भएको परिवर्तनको विवरण** तथा वित्तीय विवरणहरूका टिप्पणीहरू लगायतका आर्थिक विवरणहरू माथी छलफल गरी पारित गर्ने ।

३. कम्पनीको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम **आर्थिक वर्ष २०८१/०८२** को नाफाबाट शेयरधनीहरूलाई **लिन मञ्जुर तथा चुक्ता पूँजीको १६.५७८९४७३७%** (अक्षरमा सोह्र दशमलब पाँच सात आठ नौ चार सात तीन सात) प्रतिशतका दरले **नगद लाभांश** प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४. कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम **आर्थिक वर्ष २०८२/०८३** को लागि कम्पनीको **बैधानिक लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।**

५. कम्पनीको सञ्चालक समितिमा संगठित संस्थाबाट मनोनित हुनु भएका सञ्चालकहरूको सम्बन्धमा जानकारी लिने, सञ्चालक मनोनित गर्ने संगठित संस्था शेयरधनीहरू बाहेकका सर्वसाधारण शेयरधनीहरूबाट तीन जना सञ्चालकहरूको निर्वाचन गर्ने र स्वतन्त्र सञ्चालक नियुक्ति अनुमोदन गर्ने ।

**(ख) विषेश प्रस्ताव**

६. कम्पनीको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीका शेयरधनीहरूलाई **१५% (पन्ध्र प्रतिशत)** का दरले **बोनस शेयर** वितरण गर्ने र सोहि अनुसार **लिन मन्जुर तथा चूक्ता पूंजीलाई बृद्धि गर्न स्वीकृति** प्रदान गर्ने ।

**(ग) विविध**

**७. विविधः अध्यक्षको अनुमति अनुसार ।**

**सञ्चालक समितिको आज्ञाले**

**लिल बहादुर खत्री**

**कम्पनी सचिव**

**संलग्न कागजातहरुः**

१ ५१औं वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारी, प्रतिनिधि नियुक्त गर्ने र निवेदन फाराम ।

२. आर्थिक वर्ष २०८१/८२ को कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको लेखापरीक्षकको प्रतिवेदन र एकिकृत आर्थिक विवरणहरू सहितका सक्षिप्त वार्षिक आर्थिक विवरणहरू, सञ्चालक समितिको संक्षिप्त प्रतिवेदन ।

# ५१औं वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. कम्पनीको ५१औं वार्षिक साधारण सभाको बैठक २०८२ साल मंसिर २८ गते तद्नुसार १४ डिसेम्बर २०२५, आइतबारका दिन बिहान १०:०० बजे त्रिभुवन आर्मी अफिसर्स क्लब सभामण्डप हल, टुँडिखेल, सुन्धारा, काठमाडौंमा बस्ने छ ।

२. कम्पनीको ५१औं वार्षिक साधारण सभाको प्रयोजनको लागि कम्पनीको शेयर दाखिल खारेज दर्ता किताब शुक्रबार, २०८२ मंसिर ५ गते (२१ नोभेम्बर २०२५) देखि, आईतबार, २०८२ मंसिर २८ (१४ डिसेम्बर २०२५) गते सम्म अर्थात ५१औं साधारण सभा सम्पन्न नभए सम्म जम्मा २४ दिनको लागि बन्द रहनेछ । साथै, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा बिहिबार, २०८२ मंसिर ४ गते (२० नोभेम्बर २०२५) सम्म नियमानुसार कारोवार भई यस कम्पनीको शेयर रजिष्ट्रार **एन आई एम बि एस क्यापिटल लिमिटेड** मा शेयर दाखिल खारेजका लागि प्राप्त हुन आएका शेयरधनी महानुभावहरूलाई ५१औं वार्षिक साधारण सभाको प्रयोजनको लागि शेयरधनी कायम गरिनेछ ।

३. कम्पनीको ५१औं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना र कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको आर्थिक वर्ष २०८१/०८२ को लेखापरिक्षकको प्रतिवेदन र एकिकृत आर्थिक विवरणहरू सहितका संक्षिप्त वार्षिक आर्थिक विवरणहरू, सञ्चालक समितिको संक्षिप्त प्रतिवेदन कम्पनीका शेयरधनी महानुभावहरूको जानकारीका लागि राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नुका साथै शेयरधनीहरूको लगतमा कायम रहेको ईमेल ठेगानामा समेत संप्रेषित गरिनेछ । शेयरधनी महानुभावहरूले **५१औं वार्षिक साधारण सभाको सूचना र वित्तीय विवरणहरु सहितको ५१औं वार्षिक प्रतिवेदन २०८१/०८२ कम्पनीको वेबसाईट Website: http://www.soalteehotel.com** मा समेत हेर्न सकिनेछ ।

४. छलफलको विषय अन्तर्गत विविध शीर्षकको सम्बन्धमा शेयरधनी महानुभावहरूले कुनै विषय माथि छलफल गर्न चाहनु भएमा सम्बन्धित विषय खुलाई वार्षिक साधारण सभा हुनुभन्दा ७ दिन अगावै अर्थात २०८२ मंसिर २१ (७ डिसेम्बर २०२५) गते आईतबार सम्म कम्पनी सचिव मार्फत यस कम्पनीका कार्यकारी अध्यक्ष लाई लिखित जानकारी दिनुपर्नेछ । तर, यसलाई छलफल र पारित हुने प्रस्तावको रूपमा भने समावेश गरिने छैन ।

५. साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले सो प्रतिनिधि नियुक्ती पत्र, सभा शुरू हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्ट्रर्ड कार्यालय, ताहाचल काठमाण्डौंमा दर्ता गरी सक्नुपर्नेछ । प्रतिनिधि नियुक्त गर्ने शेयरधनी स्वंय सभामा उपस्थित भएमा आफुले नियुक्त गरेको प्रतिनिधि रद्द गरेपछि मात्र निज स्वंयले सभामा भाग लिन र मतदान गर्न पाउनेछ । संगठित संस्थाको प्रतिनिधि पत्रमा सम्बन्धीत संस्थाको छाप सहित आधिकारिक व्यक्तिले दस्तखत गरेको हुनुपर्दछ ।

६. शेयरधनी महानुभावहरूले सभामा आउँदा शेयर प्रमाण पत्र वा डिम्याट हितग्राही खाताको विवरण (डिम्याट एकाउण्ट नम्बर) सहित आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको नेपाल सरकारबाट जारी प्रमाण पत्र) अनिवार्य रूपमा प्रस्तुत गर्नुपर्नेछ र सभा स्थलमा रहेको शेयरधनी उपस्थिति पुस्तिकामा दस्तखत गरेपछि मात्र सभा कक्ष भित्र प्रवेश गर्न दिइनेछ । तोकिएको सभा हुने समय भन्दा आधा घण्टा अगावै सभा कक्षमा उपस्थित भई दिनुहुन सबै शेयरधनी महानुभावहरूलाई अनुरोध गरिन्छ । शेयरधनी उपस्थिति पुस्तिका, शेयरधनीहरूको हाजिरी

दस्तखतका लागि सभा स्थलमा बिहान ८:३० बजे देखि सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ ।

७. सभाको सुरक्षा व्यवस्थालाई ध्यानमा राखी सभा स्थलमा खटिएका सुरक्षाकर्मीहरूलाई आवश्यक सहयोग पुर्‍याउन अनुरोध गरिन्छ । शेयरधनी महानुभावहरू सभा स्थलमा आउँदा कुनै किसिमका झोला, ब्याग, प्याकेट आदि जस्ता वस्तुहरू ल्याउन पाइने छैन ।

८. निर्वाचन कार्यक्रमको सूचना कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाडौं महानगरपालिका वडा नं. १३, ताहाचल, काठमाडौं स्थित निर्वाचन अधिकृतको कार्यालयबाट निर्वाचनको दिन भन्दा कम्तीमा १५ दिन अगाडी प्रकाशित हुनेछ । यस सम्बन्धि थप अन्य विवरण एवं जानकारी कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं महानगरपालिका वडा नं. १३, ताहाचल, काठमाडौं स्थित निर्वाचन अधिकृतको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

९. सर्वसाधारण शेयरधनीबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरूको निर्वाचनको मतदान निर्वाचन कार्यतालिका अनुसार शेयरधनी महानुभावहरू स्वयं वा प्रतिनिधि (प्रोक्सी) सभास्थलमा उपस्थीत भई मत दिने व्यवस्था गरिनेछ । साधारण सभामा भाग लिनको लागि नियुक्त प्रतिनिधि (प्रोक्सी) सञ्चालक निर्वाचनको लागि समेत कायम हुनेछ ।

१०. शेयरधनीहरूलाई कम्पनीको ५१औं वार्षिक साधारण सभा सम्बन्धी थप अन्य जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाडौं महानगरपालिका वडा नं. १३, सोल्टी होटेल परिसर, ताहाचल, काठमाडौंमा आइतबार देखि शुक्रबार सम्म (सार्वजनिक विदाको दिनमा बाहेक) बिहान १० बजे देखी अपरान्ह ४ बजे सम्म (दिउँसो १ बजे देखी २ बजे बाहेक) सम्पर्क राख्न सक्नुहुनेछ ।

११. शेयरधनीहरूलाई कम्पनीको ५१औं वार्षिक साधारण सभा सम्बन्धी थप अन्य जानकारीको लागि कम्पनीको शेयर रजिष्ट्रार **एन. आई. एम. बि. एस. क्यापिटल लिमिटेड** लाजिम्पाट, काठमाण्डौंमा समेत सम्पर्क राख्न सक्नुहुनेछ ।

# J. B. Rajbhandary & DiBins

CHARTERED ACCOUNTANTS

2nd Floor House No-181, Jagannath Marg, Kumaripati-05
Lalitpur, Nepal, P.O. Box: 23725
Tel: (01) 5347177, (01) 5344971
E-mail: info@jbrdibins.com.np
Web: www.jbrdibins.com.np

**Independent Auditors' Report to the Shareholders of**
**Soaltee Hotel Limited**

**Report on the Summarized Consolidated Financial Statements**

**Opinion**

The accompanying summarized Consolidated Financial Statements of Soaltee Hotel Limited and Group which comprise of the summarized Statement of Financial Position as at Ashad 32, 2082 (July 16, 2025), and the summarized Statement of Profit or Loss and Other Comprehensive Income and summarized Statement of Cash Flows attached thereto for the year ended at Ashad 32, 2082 (July 16, 2025).

In our opinion and to the best of our information and according to the explanations given to us, the aforesaid summarized Consolidated Financial Statements are consistent, in all material aspects, with the audited financial statements, in accordance with the Nepal Financial Reporting Standards.

**Summarized Standalone and Consolidated Financial Statements**

The summarized Consolidated financial statements do not contain all the disclosures required by the Nepal Financial Reporting Standards applied in the preparation of the audited Consolidated Financial Statements of Soaltee Hotel Limited. Reading the Summarized Consolidated Financial Statements and the auditors' report thereon, therefore, is not a substitute for reading the audited Consolidated Financial Statements and auditor's report thereon.

**The Audited Consolidated Financial Statements and Our Report thereon**

We expressed an unmodified audit opinion on the audited Consolidated Financial Statements in our report dated 11th Kartik 2082 (28th October 2025). That report also includes:

Key Audit Matters are those matters that in, our professional judgment, were of most significance in our audit of the financial statements of the current period. We have considered Revenue Recognition and General Controls in IT Environment as Key Audit Matters in our report.

**Management's Responsibility**

Management is responsible for the preparation and presentation of the summarized Consolidated Financial Statements in accordance with Nepal Financial Reporting Standards.

**Auditor's Responsibility**

Our responsibility is to express an opinion on whether the summarized Consolidated Financial Statements are consistent, in all material respects, with the audited Consolidated Financial Statements based on our procedures, which were conducted in accordance with "Nepal Standards on Auditing (NSA) 810: Engagements to Report on Summary Financial Statements".

Kathmandu
Date: 11th Kartik 2082 (28th October 2025)

CA Jitendra B. Rajbhandary
Senior Partner
COP: 25
J. B. Rajbhandary & DiBins
Chartered Accountants
UDIN: 251103CA00014LENrZ

J. B. Rajbhandary & DiBins ★ Chartered Accountants ★ Lalitpur Nepal

(कम्पनी ऐन २०६३ को दफा ८४ बमोजिम तयार पारिएको संक्षिप्त वार्षिक आर्थिक विवरणहरु)

## आर्थिक वर्ष २०८१/८२ को संक्षिप्त वार्षिक आर्थिक विवरण

**श्री शेयरधनी महानुभावहरु,**

यस सोल्टी होटल लिमिटेड (कम्पनी) को समिक्षा आर्थिक वर्ष २०८१/८२ (२०२४/२५) को नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standards– NFRS) बमोजिम तयार गरी लेखापरिक्षण गरिएका संक्षिप्त वार्षिक आर्थिक विवरणहरू देहाय बमोजिम छन्:–

### २०८२ आषाढ मसान्तको एकिकृत (Consolidated) वित्तीय स्थितिको विवरण (वासलात)
### ३२ आषाढ २०८२ (१६ जुलाई २०२५) सम्मको

रुपैंयाँ

| विवरण | टिप्पणी | होटेल | | समूह | |
|---|---|---|---|---|---|
| | | ३२.०३.२०८२ (१६.०७.२०२५) | ३१.०३.२०८१ (१५.०७.२०२४) | ३२.०३.२०८२ (१६.०७.२०२५) | ३१.०३.२०८१ (१५.०७.२०२४) |
| **सम्पत्ति** | | | | | |
| **गैर चालु सम्पत्ति** | | | | | |
| सम्पत्ति, मेशिनरी र उपकरण | ३.१ | २,७७०,७२९,११३ | २,१९३,७५४,१७० | २,७७०,७२९,११३ | २,१९३,७५४,१७० |
| अमूर्त सम्पत्ति | ३.२ | १६,४५३,७९९ | ४९,६१२ | १६,४५३,७९९ | ४९,६१२ |
| लगानी योग्य सम्पत्ति | ३.३ | ८७,२८५,१११ | ८९,३८३,८२५ | ८७,२८५,१११ | ८९,३८३,८२५ |
| लगानी | ३.५ | २८६,९२७,२०१ | २८१,२७६,१८८ | २८६,१२७,२०१ | २८०,४७६,१८८ |
| व्यापार तथा अन्य प्राप्य | ३.६ | २७,०५५,७९७ | २२,८९९,४९० | २७,०५५,७९७ | २२,८९९,४९० |
| **कुल गैर चालु सम्पत्ति** | | ३,१८८,४५१,०२१ | २,५८७,३६३,२८५ | ३,१८७,६५१,०२१ | २,५८६,५६३,२८५ |
| **चालु सम्पत्ति** | | | | | |
| जिन्सी मौज्दात | ३.७ | १२९,९११,०३४ | १३१,२३७,०१५ | १२९,९११,०३४ | १३१,२३७,०१५ |
| व्यापार तथा अन्य प्राप्य | ३.६ | ३२७,०४७,४६८ | ३०७,९००,७३२ | ३३४,१८५,४५४ | ३१०,८९४,५७२ |
| अग्रिम भुक्तानी | | १०,५६५,०२६ | २२,९६८,७९४ | १०,५६५,०२६ | २२,९६८,७९४ |
| नगद र नगद सरह | ३.८ | ६०,७६२,७५६ | १०१,९१५,३७१ | ६२,४६८,६५९ | १०४,२००,१६४ |
| **कुल चालु सम्पत्ति** | | ५२८,२८६,२८४ | ५६४,०२१,९१२ | ५३७,१३०,१७३ | ५६९,३००,५४५ |
| **कुल सम्पत्ति** | | ३,७१६,७३७,३०५ | ३,१५१,३८५,१९७ | ३,७२४,७८१,१९४ | ३,१५५,८६३,८३० |
| **पूँजी तथा दायित्व** | | | | | |
| **पूँजी तथा जगेडा र मुनाफा** | | | | | |
| शेयर पूँजी | ३.९ | १,०२१,८६२,६९० | ९२८,९५३,७०० | १,०२१,८६२,६९० | ९२८,९५३,७०० |
| संचित मुनाफा तथा जगेडा | ३.१० | १,७३८,१५६,६७९ | १,४३६,०२७,०७४ | १,७४६,५२०,३५४ | १,४४०,७७७,८६२ |
| **नियन्त्रकको कुल पूँजी** | | २,७६०,०१९,३६९ | २,३६४,९८०,७७४ | २,७६८,३८३,०४४ | २,३६९,७३१,५६२ |
| नियन्त्रण नहुने स्वार्थ | ३.११ | – | – | – | – |
| **कुल पूँजी** | | २,७६०,०१९,३६९ | २,३६४,९८०,७७४ | २,७६८,३८३,०४४ | २,३६९,७३१,५६२ |
| **दायित्व** | | | | | |
| **गैर चालु दायित्व** | | | | | |
| ऋण तथा सापटी | ३.१२ | ४,८१३,८९६ | ६,६३६,३०३ | ४,८१३,८९६ | ६,६३६,३०३ |
| कर्मचारी सुविधाहरू | ३.१३ | १२३,८९८,४०७ | १२५,४१४,४७३ | १२३,८९८,४०७ | १२५,४१४,४७३ |
| स्थगन कर दायित्व | ३.४ | ४९,०४८,०९६ | ३६,००५,०६७ | ४९,०४८,०९६ | ३६,००५,०६७ |
| व्यापार तथा अन्य देय | ३.१५ | १२८,४५५,९५१ | ९२,६७५,३९२ | १२८,४५५,९५१ | ९२,६७५,३९२ |
| **कुल गैर चालु दायित्व** | | ३०६,२१६,३५० | २६०,७३१,२३५ | ३०६,२१६,३५० | २६०,७३१,२३५ |
| **चालु दायित्व** | | | | | |
| ऋण तथा सापटी | ३.१२ | ४६,६४५,७६१ | १,३६०,२८९ | ४६,६४५,७६१ | १,३६०,२८९ |
| कर्मचारी सुविधाहरू | ३.१३ | ९९,०३१,४३६ | ८७,५९५,७५९ | ९९,०३१,४३६ | ८७,५९५,७५९ |
| आयकर देय | ३.१४ | २१,२८८,२५५ | ५,८२६,३२७ | २०,९१८,४६९ | ५,२०१,३१५ |
| व्यापार तथा अन्य देय | ३.१५ | ४८३,५३६,१३४ | ४३०,८९०,८१३ | ४८३,५८६,१३४ | ४३१,२४३,६७० |
| **कुल चालु दायित्व** | | ६५०,५०१,५८६ | ५२५,६७३,१८८ | ६५०,१८१,८०० | ५२५,४०१,०३३ |
| **कुल दायित्व** | | ९५६,७१७,९३६ | ७८६,४०४,४२३ | ९५६,३९८,१५० | ७८६,१३२,२६८ |
| **कुल पूँजी तथा दायित्व** | | ३,७१६,७३७,३०५ | ३,१५१,३८५,१९७ | ३,७२४,७८१,१९४ | ३,१५५,८६३,८३० |

| ................. | ............................. | ................ | ................ | ....................... | ................. |
|---|---|---|---|---|---|
| **निर्देशक वित्त** | **प्रमुख कर्पोरेट मामिला तथा कम्पनी सचिव** | **उपाध्यक्ष** | **संचालकहरु** | **कार्यकारी अध्यक्ष** | **लेखापरिक्षक**<br>**जे.बि. राजभण्डारी एण्ड डिबिन्स**<br>**चाटर्ड एकाउण्टेण्टस्** |

# २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१/८२ (२०२४/२५) को एकिकृत (Consolidated) नाफा वा नोक्सान विवरण तथा अन्य कम्प्रीहेन्सीब आय (नाफा नोक्सान हिसाब)

## (३२ आषाढ २०८२ (१६ जुलाई २०२५) मा समाप्त भएको आर्थिक वर्ष)

रूपैंयाँ

| विवरण | टिप्पणी | होटेल | | समूह | |
|---|---|---|---|---|---|
| | | २०८१-८२ (२०२४-२५) | २०८०-८१ (२०२३-२४) | २०८१-८२ (२०२४-२५) | २०८०-८१ (२०२३-२४) |
| संचालनबाट आम्दानी | ३.१६ | २,५८५,४१४,०४६ | २,३९०,४४९,४११ | २,५८५,४१४,०४६ | २,३९०,४४९,४११ |
| अन्य आम्दानी | ३.१७ | १८८,४९२,४६९ | १०७,९६९,०५६ | १९३,४१९,६०२ | १११,२७९,२४३ |
| **कुल आय** | | २,७७३,९०६,५१५ | २,४९८,४१८,४६७ | २,७७८,८३३,६४८ | २,५०१,७२८,६५४ |
| खाद्य तथा पेय पदार्थको खपत | ३.१८ | ४५७,८०१,२४३ | ४०५,१५३,४७६ | ४५७,८०१,२४३ | ४०५,१५३,४७६ |
| कर्मचारी सुविधा खर्चहरू | ३.१९ | ६१३,९९४,७०७ | ५६३,३८३,७२८ | ६१३,९९४,७०७ | ५६३,३८३,७२८ |
| संचालन खर्च | ३.२० | ३०९,४६४,७०१ | ३०३,४६०,३६७ | ३०९,४६४,७०१ | ३०३,४६०,३६७ |
| ह्रास तथा परिशोधन खर्च | ३.१/३.२/३.३ | १५३,८२०,०२५ | १३७,५०३,२५५ | १५३,८२०,०२५ | १३७,५०३,२५५ |
| अन्य खर्च | ३.२१ | ४०६,१४४,०६५ | ३३७,९६७,८८० | ४०६,२५४,०१५ | ३३८,०६३,९८९ |
| **कुल खर्च** | | १,९४१,२२४,७४१ | १,७४७,४६८,७०६ | १,९४१,३३४,६९१ | १,७४७,५६४,८१५ |
| **संचालनबाट मुनाफा** | | ८३२,६८१,७७४ | ७५०,९४९,७६१ | ८३७,४९८,९५७ | ७५४,१६३,८३९ |
| वित्त लागत | | ३,९५५,३५७ | ३,६०२,८८० | ३,९५५,३५७ | ३,६०२,८८० |
| **कर अधिको मुनाफा** | | ८२८,७२६,४१७ | ७४७,३४६,८८१ | ८३३,५४३,६०० | ७५०,५६०,९५९ |
| **आयकर** | | १७५,४४८,९४६ | १४७,३०४,४१८ | १७६,६५३,२४२ | १४८,११०,५४२ |
| चालु आयकर | | १६३,६०६,७५७ | १३७,४६२,९९९ | १६४,८११,०५३ | १३८,२६९,१२३ |
| स्थगन कर खर्च/(आम्दानी) | ३.४ | ११,८४२,१८९ | ९,८४१,४१९ | ११,८४२,१८९ | ९,८४१,४१९ |
| **वर्षको खुद मुनाफा** | | ६५३,२७७,४७१ | ६००,०४२,४६३ | ६५६,८९०,३५८ | ६०२,४५०,४१७ |
| **अन्य कम्प्रीहेन्सीब आय** | | | | | |
| लगानीको Fair Value मा भएको परिवर्तन | | ५,६५१,०१३ | ५,७८८,६२५ | ५,६५१,०१३ | ५,७८८,६२५ |
| उल्लेखित विषयसँग सम्बन्धित कर | | (१,२००,८४०) | (१,२३०,०८३) | (१,२००,८४०) | (१,२३०,०८३) |
| **कुल अन्य कम्प्रीहेन्सीब आय** | | ४,४५०,१७३ | ४,५५८,५४२ | ४,४५०,१७३ | ४,५५८,५४२ |
| **कुल कम्प्रीहेन्सीब आय** | | ६५७,७२७,६४४ | ६०४,६०१,००५ | ६६१,३४०,५३१ | ६०७,००८,९५९ |

**खुद मुनाफाको हिस्सा :**

| | | | | | |
|---|---|---|---|---|---|
| नियन्त्रकको | | ६५३,२७७,४७१ | ६००,०४२,४६३ | ६५६,८९०,३५८ | ६०२,४५०,४१७ |
| नियन्त्रण नहुने स्वार्थ | | - | - | - | - |

**अन्य कम्प्रीहेन्सीब आयको हिस्सा :**

| | | | | | |
|---|---|---|---|---|---|
| नियन्त्रकको | | ४,४५०,१७३ | ४,५५८,५४२ | ४,४५०,१७३ | ४,५५८,५४२ |
| नियन्त्रण नहुने स्वार्थ | | - | - | - | - |
| आधारभुत (Basic) प्रति शेयर आम्दानी रू. | ३.२२ | ६.३९ | ५.८७ | ६.४३ | ५.९० |
| विलुप्त (Diluted) प्रति शेयर आम्दानी रू. | | ६.३९ | ५.८७ | ६.४३ | ५.९० |

| ................ | ................................ | ................ | ................ | ........................ | ................ |
|---|---|---|---|---|---|
| **निर्देशक वित्त** | **प्रमुख कर्पोरेट मामिला तथा कम्पनी सचिव** | **उपाध्यक्ष** | **संचालकहरु** | **कार्यकारी अध्यक्ष** | **लेखापरिक्षक जे.बि. राजभण्डारी एण्ड डिबिन्स चाटर्ड एकाउण्टेण्टस्** |

# २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१/८२ (२०२४/२५) को
## एकिकृत (Consolidated) नगद प्रवाह विवरण
## (३२ आषाढ २०८२ (१६ जुलाई २०२५) मा समाप्त भएको आर्थिक वर्ष)

रूपैयाँ

| विवरण | होटेल | | समूह | |
|---|---|---|---|---|
| | २०८१-८२ (२०२४-२५) | २०८०-८१ (२०२३-२४) | २०८१-८२ (२०२४-२५) | २०८०-८१ (२०२३-२४) |
| **संचालन गतिविधिबाट नगद प्रवाह** | | | | |
| वर्षको कर अधिको मुनाफा | ८२८,७२६,४१७ | ७४७,३४६,८८१ | ८३३,५४३,६०० | ७५०,५६०,९५९ |
| **समायोजनहरु** | | | | |
| लाभांश आम्दानी | (८,५८१,९७४) | (२,७००,०००) | (८,५८१,९७४) | (२,७००,०००) |
| सम्पत्ति, मेशिनरी र उपकरण निसर्गबाट (नाफा)/नोक्सान | (३,६११,७५०) | (१७९,२८१) | (३,६११,७५०) | (१७९,२८१) |
| अवधिक तथा कल बचतमा ब्याज आम्दानी | (३७६,९१९) | (५०३,७७६) | (४१५,६०८) | (५६३,६३२) |
| व्यापार प्राप्यको लागि नोक्सानी व्यवस्था | ५,०००,००० | ५,०००,००० | ५,०००,००० | ५,०००,००० |
| बोनस व्यवस्था | ८२,८७२,६४२ | ७४,७३४,६८८ | ८२,८७२,६४२ | ७४,७३४,६८८ |
| सम्पत्ति, मेशिनरी, उपकरण, लगानी योग्य सम्पत्ति र अमूर्त सम्पत्तिको ह्रास तथा परिशोधन | १५३,८२०,०२५ | १३७,५०३,२५५ | १५३,८२०,०२५ | १३७,५०३,२५५ |
| वित्त लागत | ३,९५५,३५७ | ३,६०२,८८० | ३,९५५,३५७ | ३,६०२,८८० |
| **कार्यशील पूँजी परिवर्तन अधिको संचालन मुनाफा** | १,०६१,८०३,७९८ | ९६४,८०४,६४७ | १,०६६,५८२,२९२ | ९६७,९५८,८६९ |
| व्यापार तथा अन्य प्राप्यमा भएको (वृद्धि)/कमी | (२८,३०३,०४३) | १३,४३२,६९७ | (३२,४४७,१८९) | १०,९३२,७०० |
| जिन्सी मौज्दातमा भएको (वृद्धि)/कमी | १,३२५,९८१ | (९,०३३,४९६) | १,३२५,९८१ | (९,०३३,४९६) |
| अग्रिम भुक्तानीमा भएको (वृद्धि)/कमी | १२,४०३,७६८ | (१,५८९,०९०) | १२,४०३,७६८ | (१,५८९,०९०) |
| व्यापार तथा अन्य देयमा भएका वृद्धि/(कमी) | ६३,४१८,४८६ | ५३,६७९,२४२ | ६३,११५,६२९ | ५३,७१४,८७५ |
| कर्मचारी सुविधामा भएको वृद्धि/(कमी) | १,७८१,६५७ | (४२७,०६५) | १,७८१,६५७ | (४२७,०६५) |
| **संचालन गतिविधिबाट नगद प्रवाह** | १,११२,४३०,६४७ | १,०२०,८६६,९३५ | १,११२,७६२,१३८ | १,०२१,५५६,७९३ |
| बोनस भुक्तानी | (७४,७३४,६८८) | (६८,७१२,९४३) | (७४,७३४,६८८) | (६८,७१२,९४३) |
| आयकर भुक्तानी | (१६१,४९६,७६८) | (२५६,८०२,९५७) | (१६२,४४५,८३८) | (२५८,३२१,१२३) |
| **संचालन गतिविधिबाट खुद नगद प्रवाह (क)** | ८७६,१९९,१९१ | ६९५,३५१,०३५ | ८७५,५८१,६१२ | ६९४,५२२,७२७ |
| **लगानी गतिविधिको नगद प्रवाह** | | | | |
| सम्पत्ति, मेशिनरी र उपकरणको विक्रीबाट प्राप्त | ४,८६७,४७८ | ४,६३८,५४० | ४,८६७,४७८ | ४,६३८,५४० |
| सम्पत्ति, मेशिनरी र उपकरण, लगानी योग्य सम्पत्ति र अमूर्त सम्पत्तिको खरिद | (७४६,३५६,१६९) | (४३५,२२७,७८३) | (७४६,३५६,१६९) | (४३५,२२७,७८३) |
| लाभांश आम्दानी | ८,५८१,९७४ | २,७००,००० | ८,५८१,९७४ | २,७००,००० |
| अवधिक तथा कल बचतमा ब्याज आम्दानी | ३७६,९१९ | ५०३,७७६ | ४१५,६०८ | ५६३,६३२ |
| **लगानी गतिविधिबाट भएको खुद नगद प्रवाह (ख)** | (७३२,५२९,७९८) | (४२७,३८५,४६७) | (७३२,४९१,१०९) | (४२७,३२५,६११) |
| **वित्तीय गतिविधिको नगद प्रवाह** | | | | |
| वित्त लागत | (३,९५५,३५७) | (३,६०२,८८०) | (३,९५५,३५७) | (३,६०२,८८०) |
| ऋण तथा सापटीको वृद्धि/(भुक्तानी) | ४३,४६३,०६५ | (१,२४३,१८६) | ४३,४६३,०६५ | (१,२४३,१८६) |
| बोनस शेयरको खण्डित मूल्य नगद (भुक्तानी)/प्राप्ती | १३,६२० | २,८८७ | १३,६२० | २,८८७ |
| खुद लाभांश भुक्तानी | (२२४,३४३,३३६) | (२३०,७५०,७०८) | (२२४,३४३,३३६) | (२३०,७५०,७०८) |
| **वित्तिय गतिविधिबाट भएको खुद नगद प्रवाह (ग)** | (१८४,८२२,००८) | (२३५,५९३,८८७) | (१८४,८२२,००८) | (२३५,५९३,८८७) |
| **नगद र नगद सरहमा खुद वृद्धि (क+ख+ग)** | (४१,१५२,६१५) | ३२,३७१,६८१ | (४१,७३१,५०५) | ३१,६०३,२२९ |
| वर्षारम्भमा नगद र नगद सरह | १०१,९१५,३७१ | ६९,५४३,६९० | १०४,२००,१६४ | ७२,५९६,९३५ |
| **वर्षान्तमा नगद र नगद सरह** | ६०,७६२,७५६ | १०१,९१५,३७१ | ६२,४६८,६५९ | १०४,२००,१६४ |

| ............ | ............ | ............ | ............ | ............ | ............ |
|---|---|---|---|---|---|
| **निर्देशक वित्त** | **प्रमुख कर्पोरेट मामिला तथा कम्पनी सचिव** | **उपाध्यक्ष** | **संचालकहरु** | **कार्यकारी अध्यक्ष** | **लेखापरिक्षक**<br>**जे.बि. राजभण्डारी एण्ड डिबिन्स**<br>**चार्टर्ड एकाउण्टेण्टस्** |

# सोल्टी होटल लिमिटेड

## सञ्चालक समितिको संक्षिप्त प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरु,**

कम्पनीको ५१औं वार्षिक साधारण सभामा सम्पूर्ण आदरणीय शेयरधनी महानुभावहरूलाई स्वागत गर्न पाउँदा सञ्चालक समिति अत्यन्तै हर्षित भएको छ । यहाँहरू समक्ष कम्पनीको ५१औं वार्षिक प्रतिवेदन तथा ३२ आषाढ २०८२ तदनुसार १६ जुलाई २०२५ मा अन्त्य भएको आर्थिक बर्षको लेखापरिक्षण गरिएका वित्तीय विवरणहरू प्रस्तुत गर्न पाउँदा हामी गौरवान्वीत भएका छौं । कम्पनीले वैधानिक प्रावधानका अनुपालनाहरूको परिपालना गर्दै **नेपाल वित्तीय प्रतिवेदन मान** (Nepal Financial Reporting Standard, NFRS) को मापदण्डको आधारमा कम्पनीका आर्थिक विवरणहरू तयार पारी प्रस्तुत गर्ने गरेको छ ।

**संक्षिप्त पर्यटन परिदृश्य तथा कारोबार संचालन गतिविधिहरुको समीक्षा**

नेपालको पर्यटन उद्योग अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय परिवेशका विविध आयामहरुबाट प्रत्यक्ष रुपमा प्रभावित हुँदै बहुआयामिक र गतिशील रुपमा विकास भइरहेको क्षेत्र हो । सामाजिक, आर्थिक, प्रविधिगत तथा नीतिगत कारकहरुको संयोजनमा आधारित यो उद्योग विश्व पर्यटन प्रवृत्तिहरु तीव्र गतिमा रुपान्तरण भईरहेको सन्दर्भमा समानान्तर रुपमा रुपान्तरणशील अवस्थाबाट गुज्रिरहेको छ । आर्थिक वर्ष २०८१/८२ नेपालका लागि पर्यटन पुनरूत्थान र पुनर्संरचनाको चरणका रुपमा पहिचान गरिएको छ, जसमा पर्यटकहरुको भ्रमण व्यवहारमा देखिएको परिवर्तन, अनुभवमुखी र सतत पर्यटनप्रति बढ्दो आकर्षण, तथा डिजिटल सूचना र प्रविधिमा आधारित निर्णय प्रणालीले प्रमुख भूमिका खेलि रहेका छन् । यस अवधिमा दक्षिण एसियाली क्षेत्रभित्रको सहकार्य, हवाई सम्पर्क सञ्जालको विस्तार, र विश्वव्यापी आर्थिक पुनर्संरचनाका प्रभावहरुले नेपालको पर्यटन बजार र गन्तव्यहरुमा सकारात्मक वातावरण सिर्जना गरेका छन् ।

विश्वव्यापी पर्यटन उद्योगले आर्थिक वर्ष २०८१/८२ मा निरन्तर पुनरूत्थान र लचिलोपन प्रदर्शन गरेको छ, यद्यपि विश्व अर्थतन्त्रमा देखिएका अस्थिरता र भू-राजनीतिक अनिश्चितताहरु कायम नै रहेका छन् । सन् २०२५ को पहिलो छ महिनामा अन्तर्राष्ट्रिय पर्यटक आगमन २०२४ को सोही अवधिको तुलनामा ५% ले बढेको छ र कोभिड १९ माहामारी अघिको भन्दा ४% ले माथि पुगेको छ ।

सन् २०२५ को पहिलो छ महिनामा अधिकांश क्षेत्रमा पर्यटक आगमन र पर्यटन आम्दानी दुवैमा निरन्तर वृद्धि भएको छ, जसले आर्थिक गतिविधि, रोजगारी सिर्जना, वैदेशिक मुद्रा आम्दानी, र विश्वव्यापी आजीविकामा महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

आतिथ्य क्षेत्रले मुद्रास्फीति, बढ्दो यात्रा खर्च, र भू-राजनीतिक तनावका कारण चुनौतीहरु सामना गरिरहेको छ । पर्यटकहरु बढी मूल्य-संवेदनशील बनेका छन्, जसका कारण छोटो यात्रा, मूल्य-केन्द्रित गन्तव्य, र क्षेत्रीय भ्रमणको रूचि बढ्दो क्रममा छ ।

समग्रमा विविध चुनौतीहरु बीच पनि आर्थिक वर्ष २०८२/८३ का लागि पर्यटनको दृष्टिकोण सकारात्मक रहने अपेक्षा गरिएको छ । विविध स्रोत बजार, क्षेत्रीय सम्पर्कताको विस्तार, र दिगो तथा समावेशी पर्यटन विकासप्रति विश्वव्यापी प्रतिबद्धताले उद्योगको आगामी वृद्धिलाई सुदृढ पार्ने विश्वास गरिएको छ ।

दक्षिण एसियाको क्षेत्रीय पर्यटन आर्थिक वर्ष २०८१/८२ मा साहसिक, सांस्कृतिक सम्पदा, र स्वास्थ्य पर्यटनमा सुदृढ आगमन तर्फ उन्मुख रह्यो । यस क्षेत्र भित्र, नेपालले यी अनुभवहरुको लागि अग्रणीय र

प्रमुख गन्तव्यको रणनीतिक रुपमा पर्यटकहरूलाई आकर्षित गरीरह्यो । यसले भारत, चीन, र दक्षिणपूर्वी एसियाली देशहरुबाट बढ्दो आन्तरिक क्षेत्रीय पर्यटक यात्राले पर्यटनको द्रुत विकासलाई उत्प्रेरित गऱ्यो । सुधिएको हवाई सम्पर्क, सजिलो र सरलीकृत भिसा प्रक्रिया, र लक्षित प्रवर्द्धनात्मक अभियानहरु सहित समन्वित गन्तव्य विपणन पहलहरुले क्षेत्रीय पहुँचमा उल्लेखनीय सुधार ल्याए र नेपालको प्रतिस्पर्धात्मक स्थिति सुदृढ पाऱ्यो ।

नेपालको आतिथ्य उद्योग घरेलु नीतिहरु, पूर्वाधार सुधारहरु, र पर्यटन प्रवृत्तिहरुको परिवर्तनबाट निकै प्रभावित रहेको छ, जसले व्यापार प्रदर्शन र भविष्यको विकास अवसरहरुलाई महत्वपूर्ण रुपमा निर्धारण गर्नेछ ।

नेपालको पर्यटन क्षेत्रले आर्थिक वर्ष २०८१/८२ मा माहामारीपछिको पुनरूत्थानलाई निरन्तरता दिएको छ। पर्यटनमा आएको सुधारले नेपालको सुधारिएको क्षेत्रीय पर्यटन प्रचार प्रसार सम्पर्क, रणनीतिक प्रवर्द्धनात्मक अभियानहरु, र बढ्दो पर्यटक यात्रु विश्वासबाट समर्थित निरन्तर पर्यटन विकासलाई प्रतिबिम्बित गर्दछ । नेपालले साहसिक, सांस्कृतिक, आध्यात्मिक, र स्वास्थ्य पर्यटनका लागि दक्षिण एसियामा अग्रणी गन्तव्यको रुपमा आफ्नो स्थिति अझ सुदृढ पार्दै गएको छ ।

नेपालले गत २०८२ साल भाद्र महिनामा भएको जेनजी आन्दोलनका कारण सार्वजनिक पूर्वाधारहरूमा ठुलो क्षति व्यहोरेको छ । यस प्रकारका घटनाहरूले नेपाल आउने पर्यटकहरुको आत्मविश्वासमा कमी आउन सक्दछ। यस्ता परिस्थितिहरूले यात्रा, पर्यटन सञ्चालन, आपूर्ति श्रृंखला व्यवस्थापन, र आतिथ्य क्षेत्रमा सेवा र आवश्यक उपभोग्य वस्तुको वितरणमा अवरोध आउन सक्ने चुनौतीहरू सृजित गर्ने गर्दछन ।

बाह्य र आन्तरिक चुनौतीहरुको बाबजुद नेपालको पर्यटन उद्योगको समग्र दृष्टिकोण सकारात्मक रहेको छ । रणनीतिक पूर्वाधार लगानी, दिगोपनमुखी पहलहरु, र स्थिर क्षेत्रीय तथा विश्वव्यापी यात्रा मागले वृद्धि निरन्तरता पाएको छ ।

**<u>सञ्चालनात्मक गतिविधिहरूको समीक्षा</u>**

आर्थिक वर्ष २०८१/८२ (२०२४/२५) मा कुल आम्दानी अघिल्लो आर्थिक वर्ष को १०.८१% को तुलनामा ११.०३% ले वृद्धि भएको छ। आर्थिक वर्ष २०८१/८२ (२०२४/२५) मा कम्पनीको कूल आम्दानी अघिल्लो आर्थिक वर्षको २,४९.८४ करोडको तुलनामा समिक्षा आर्थिक वर्ष रु. २,७७.३९ करोड रहेको छ । जुन अघिल्लो आर्थिक वर्षको रू. २४.३८ करोडको तुलनामा लगभग रू. २७.५५ करोडले वृद्धि भएको छ । कम्पनीको अघिल्लो आर्थिक वर्षको ८८.४९ करोडको नगद मुनाफाको तुलनामा समीक्षा आर्थिक वर्षमा कम्पनीले रु. ९८.२६ करोड नगद मुनाफा आर्जन गर्न सफल भएकोछ। साथै, कम्पनीले अघिल्लो आर्थिक वर्षको रू. ६०.०० करोड खुद मुनाफाको तुलनामा समिक्षा आर्थिक वर्षमा कर पश्चात् ६५.३३ करोड खुद मुनाफा आर्जन गर्न सफल भएको छ ।

## कार्यप्रगतिको झलक:

### वित्तीय नतिजाहरु

आर्थिक वर्ष २०८१/८२ मा कम्पनीले हासिल गरेको प्रमुख कार्यप्रगतिको तुलनात्मक संक्षिप्त वित्तीय तथ्यांकहरू देहाय बमोजिम रहेका छन्:–

रूपैंयाँ करोडमा

| विवरण | आर्थिक वर्ष | | वृद्धि/(कमी) | वृद्धि/(कमी) प्रतिशत |
|---|---|---|---|---|
| | २०८१/८२ | २०८०/८१ | | |
| कुल आम्दानी | २७७.३९ | २४९.८४ | २७.५५ | ११.०३% |
| कुल खर्चहरू | १९४.१२ | १७४.७५ | १९.३७ | ११.०९% |
| संचालनबाट मुनाफा/(नोक्सानी) | ८३.२७ | ७५.०९ | ८.१८ | १०.८८% |
| न्यून: वित्त लागत | ०.४० | ०.३६ | ०.०४ | १०.००% |
| आयकर अघिको मुनाफा/(नोक्सानी) | ८२.८७ | ७४.७३ | ८.१४ | १०.८९% |
| न्यून: आयकर व्यवस्था | १६.३६ | १३.७५ | २.६१ | १९.०२% |
| न्यून: स्थगन कर खर्च/(आम्दानी) | १.१८ | ०.९८ | ०.२० | २०.३३% |
| आयकर पछिको खुद मुनाफा/(नोक्सानी) | ६५.३३ | ६०.०० | ५.३३ | ८.८७% |
| यस वर्ष खुद मुनाफा/जगेडामा सारेको (बाँडफाँड गर्नु अघि) | ६५.३३ | ६०.०० | ५.३३ | ८.८७% |

### संक्षिप्त वार्षिक आर्थिक विवरणमा अन्य उल्लेख गर्नुपर्ने कुराहरु :

१. कम्पनीको आर्थिक वर्ष २०८१/८२ (२०२४/२५) को यो संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण तथा सञ्चालकहरूको प्रतिवेदनको आधारमा तयार पारिएको छ ।

२. आर्थिक वर्ष २०८१/८२ (२०२४/२५) मा कम्पनीले प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायले लागू गरेको लेखामान (एकाउन्टीङ्ग स्ट्याण्डर्ड) अनुरूप सबै वित्तीय प्रतिवेदनहरू नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standards – NFRS) बमोजिम तयार गरी लेखापरिक्षण गरी कम्पनीका लेखापरिक्षकको प्रतिवेदन प्राप्त भए पश्चात् कम्पनीको अभिलेखमा रहेको पूर्णपाठ अनुसार यो संक्षिप्त आर्थिक विवरण तयार गरिएको छ र यस संक्षिप्त आर्थिक विवरणले सोको सही चित्रण गर्दछ ।

३. यो संक्षिप्त वार्षिक आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण र सञ्चालकको प्रतिवेदनको संक्षिप्त विवरण मात्र हो ।

४. संक्षिप्त वार्षिक आर्थिक विवरण, कम्पनीको वार्षिक आर्थिक विवरण तथा सञ्चालकको प्रतिवेदन अनुरूप छ र सो को विवरण तोकिएको ढाँचा अनूकुल छ ।

| ................ | ........................... | ............... | ............... | ...................... | ................ |
|---|---|---|---|---|---|
| निर्देशक वित्त | प्रमुख कर्पोरेट मामिला तथा कम्पनी सचिव | उपाध्यक्ष | सञ्चालकहरु | कार्यकारी अध्यक्ष | लेखापरिक्षक जे.बि. राजभण्डारी एण्ड डिबिन्स चाटर्ड एकाउण्टेण्टस् |

मिति : २०८२ कार्तिक ११ गते (२८ अक्टोबर २०२५), स्थान : काठमाण्डौं, नेपाल ।

# प्रतिनिधि नियुक्त गर्ने निवेदन

मितिः .......................

श्री सञ्चालक समिति
सोल्टी होटल लिमिटेड
ताहाचल, काठमाडौं ।

**विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।**

महाशय,

................................जिल्ला ............................. म.न.पा. ⁄ उ. म.न.पा. ⁄ न.पा. ⁄ गा.पा., वडा नं................बस्ने म ⁄ हामी ...................................................... ले त्यस कम्पनीको शेयरधनीको हैसियतले २०८२ साल मंसिर महिना २८ गते आइतबारका दिन हुने ५१औं वार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नको लागि .................................. जिल्ला ..........................म.न.पा. ⁄ उ.मा.न.पा. ⁄ न.पा. ⁄ गा.पा., वडा नं. .......................... बस्ने त्यस कम्पनीका शेयरधनी श्री ............................................... ..... शेयर प्रमाण पत्र नं. ⁄ BOID No. ................ लाई मेरो ⁄ हाम्रो प्रतिनिधि मनोनीत गरी पठाएको छु ⁄ छौं ।

निवेदक

शेयरधनीको दस्तखतः

नामः ..................................................

ठेगानाः ...............................................

शेयर प्रमाणपत्र नं. ⁄ BOID No. ................................................

भौतिक प्रमाणपत्र भएमा शेयरधनी संकेत नं. ...............

स्वामित्वमा रहेको जम्मा शेयर संख्याः.........................

मितिः ................................

**द्रष्टब्यः यो निवेदन साधारण सभा हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।**

Soaltee Hotel Limited

★ ★ ★ ★ ★

पोष्ट बक्स नं. ३८००,
ताहाचल, काठमाडौं, नेपाल ।
फोन नं. ९७७ १ ४२७३९९९ / ४२७२२०६
ईमेल : legal@soaltee.com.np

www.soalteehotel.com | www.soaltee.com